# 'म शून्यमा शून्य सरी' कवितामा ध्वनि

**राजु भुसाल, उपप्राध्यापक, नेपाली विभाग, बुटवल बहुमुखी क्याम्पस**

Email : rajubhusal370@gmail.com

## लेखसार

प्रस्तुत लेख महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचना गरिएको म शून्यमा शून्य सरी कवितामा अभिव्यञ्जित ध्वनिको अध्ययनका केन्द्रित छ । यो कविता नेपाली भाषामा लेखिएको देवकोटाको अन्तिम कविता हो । यसमा ध्वनिको सैद्धान्तिक परिचयका साथै यसका मुख्य दुई भेद- अविवक्षित वाच्यध्वनि/लक्षणामूला र विवक्षितान्यपरवाच्यध्वनि/अभिधामूलाको समेत चर्चा गर्दै यसका आधारमा प्रस्तुत कविताको विश्लेषण गरिएको छ । यस अध्ययनमा उपजाति छन्दका जम्माजम्मी चारओटा श्लोकमा आबद्ध प्रस्तुत कविताको विभिन्न उपशीर्षकहरूमा विश्लेषण गरिएको छ । कविले जीवनकालमा सांसारिकतामा भुलेर श्रीकृष्ण वा परमात्मा विषयक भक्ति, ज्ञान र विवेकको यथोचित साधना गर्न नसकेको तथा पूर्वीय आध्यात्मिक संस्कार र संस्कृतिको संरक्षण र संबद्र्धन गर्न नसकेको पीडा प्रस्तुत कवितामा अभिव्यक्त गरेको निष्कर्ष यस लेखमा निकालिएको छ ।

*शब्दकुञ्जी* : अविवक्षित वाच्यध्वनि, लक्षणामूल, विवक्षितान्यपरवाच्यध्वनि, अभिधामूल, वेदान्त सार

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८१/०३/२५, लेख पुनरावलोकन मिति : २०८१/०५/२०, लेख स्वीकृत मिति : २०८१/०८//१५
**प्रकाशक** : महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । DOI : https://doi.org/ 10.3126/medha.v7i1.73902
Homepage : https://www.nepjol.info/index.php/medha/index/current

## विषयपरिचय

लक्ष्मीप्रसाद देवकोटा (१९६६—२०१६) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । नेपाली साहित्यका कविता, निबन्ध, कथा, उपन्यास, नाटक, समालोचनाजस्ता विभिन्न विधामा कलम चलाएका देवकोटाको मुख्य विधा भने कविता नै हो । दस बर्से उमेरमा म त अभागिनी पो भएँ शीर्षकको कविता लेखेर नेपाली साहित्यमा प्रवेश गरेका देवकोटा (अवस्थी, २०५८, पृ. १९) औपचारिक रूपमा १९९१ सालमा पूर्णिमाको जलधि (मङ्सिर १५ गते, गोरखापत्र) कविता प्रकाशित गरेर सार्वजनिक भएका हुन् । १९९१ सालकै फागुनमा निस्केको शारदा पत्रिकाको प्रथम अङ्कमै गरिब शीर्षकको अर्को कविता पनि छापियो । यी दुबै कविताका माध्यमबाट देवकोटाले नेपाली कविताका क्षेत्रमा स्वच्छन्दतावादी धाराको पनि प्रवर्तन गरेका हुन् । देवकोटाले लघुत्तम, फुटकर, खण्डकाव्य र महाकाव्य गरी कविताका चारैवटा उपविधामा कलम चलाई सफलता पनि प्राप्त गरेका छन् । यिनी मूलतः स्वच्छन्दतावादी—प्रगतिवादी कवि हुन् । यिनले लेखेका करिब साढे छसय जति कविताहरूमध्ये सुरुदेखि २००३ सालसम्मका कविताहरूमा मूलतः स्वच्छन्दतावादी भावधाराभित्र मानवतावाद, प्रकृतिप्रेम र देशप्रेम पाइन्छ भने त्यसपछिका कविताहरूमा प्रगतिवादी चेतको व्यापक अभिव्यक्ति भेटिन्छ । उनका यस समयका कवितामा साामाजिक–आर्थिक रूपान्तरण र न्यायचेतना, क्रान्तिचेतना–व्यङ्ग्यचेतना र हास्यव्यङ्ग्यात्मकता, युगबोध–विश्वबोध र राष्ट्रिय चेतना, तीव्र सौन्दर्य चेतना र व्यञ्जनाशक्ति, पद्यकविताको प्रचुरता जस्ता प्रवृत्तिहरू भेटिन्छन् (अवस्थी, २०५८, पृ. ६८) । २०१० सालपछिका कवितामा सङ्ख्यात्मकताभन्दा गुणात्मकतातर्फ चासोका साथै परिष्कारोन्मुखता पनि भेटिन्छ भने कतिपय कवितामा पूर्वीय वेदान्त दर्शन पनि पाइन्छ । आफ्नो पचास बर्से जीवनकालमा करिब चालीस वर्ष साहित्य साधनामा लागेका देवकोटाले आफ्ना कवितामा वर्णमात्रिक, मात्रिक, वार्णिक (लोक) र गद्य कवितात्मक लयको कुशल प्रयोग पनि गरेका छन् ।

प्रस्तुत 'म शून्यमा शून्य सरी' कविता २०१६ भाद्र १९ गते शान्त भवन अस्पतालमा मृत्युशैष्यामा बसेर लेखिएको देवकोटाको जीवनको अन्तिम नेपाली कविता हो (जोशी, २०५७, पृ. १७२)। यसको विषयवस्तुलाई हेर्दा उनको मुख्यतया आफ्ना शरीर र चेतनाले अनुभव गरेको क्यान्सर जनित तीव्र पीडा र मृत्युबोधका सन्दर्भमा सांसारिक यात्राक्रममा परमेश्वरलाई सम्झन र आत्मोद्धारका निम्ति समुचित अध्यात्मसाधना गर्न नपाएकोमा पीडा बोध गर्दै आफ्ना स्वच्छन्दतावादी आस्तिक आध्यात्मिक चेत प्रकट गरिरहेको पाइन्छ (जोशी, २०५७, पृ. १७२)। कविले यस कवितामा सांसारिकतामा भुलेर श्रीकृष्ण वा परमात्मा विषयक भक्ति, ज्ञान र विवेकको यथोचित साधना तथा पूर्वीय आध्यात्मिक संस्कारको समुचित संरक्षण–सम्वद्र्धन गर्न नसकेकोमा पीडाबोध व्यक्त गरिरहेका छन् र साथै अघि सुख स्वर्ग सम्झेर आफू रमाएको संसार त वस्तुतः मरुभूमितुल्य र निशासमान पो रहेछ र एकमात्र परम सत्य त आखिर श्रीकृष्ण परमात्मा नै पो रहेछन् भन्ने निजी अनुभूति प्रकट गरेका छन् ( जोशी, २०४८, पृ. ३७७)। प्रस्तुत कवितामा कवित्व अपेक्षाकृत रूपमा शिथिल भएकाले यस कविताले गुणस्तरका दृष्टिले भने उच्चस्तर प्राप्त गर्न नसकी उच्चमध्यम स्तर प्राप्त गरेको छ (जोशी, २०५७, पृ. १७२)। वर्णनात्मक शैली तथा उपजाति छन्दको जम्माजम्मी चारओटा श्लोकमा आबद्ध प्रस्तुत कवितामा अभिव्यक्त ध्वनिको अध्ययन गर्ने काम यसमा गरिएको छ। प्रस्तुत अध्ययनको मूल उद्देश्य 'म शून्यमा शून्य सरी' कविताको प्रतीयमान अर्थको विश्लेषणमा केन्द्रित रहेको छ। यस कवितामा रहेको ध्वनिको अध्ययन के–कसरी गर्न सकिन्छ ? भन्ने प्रश्न नै यस अध्ययनको मुख्य प्राज्ञिक समस्या हो भने यही समस्यासँग सम्बन्धित समस्याको समाधान पहिल्याउनु नै प्रस्तुत अध्ययनको उद्देश्य हो।

## अध्ययनविधि

प्रस्तुत 'म शून्यमा शून्य सरी' कवितामा ध्वनि अध्ययन गर्नाका लागि सम्पूर्ण सामग्री प्रथम र द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ। यसका लागि पुस्तकालयीय स्रोतलाई नै प्रमुख आधार बनाइएको छ। यसक्रममा लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'म शून्यमा शून्य सरी' शीर्षक कवितालाई प्राथमिक स्रोतका रूपमा र द्वितीयक स्रोतअन्तर्गत उक्त कविताका बारेमा लेखिएका विभिन्न लेख, समालोचना तथा पुस्तक आदि रहेका छन् र प्रस्तुत कविताको ध्वनितात्त्विक विश्लेषण गर्नाका लागि आवश्यक सैद्धान्तिक पर्याधार निर्माण गर्न पनि पुस्तकालयीय स्रोतलाई नै आधार बनाइएको छ।

## सैद्धान्तिक पर्याधार

ध्वनि 'ध्वन्' धातुमा 'इ' प्रत्यय लागेर बनेको संस्कृत स्रोतको शब्द हो। सामान्य व्यवहारमा कानबाट सुनिने नाद या आवाजलाई ध्वनि भनिन्छ। पारिभाषिक शब्दका रूपमा ध्वनिवादी आचार्यहरूले यसको व्यवहार ध्वनि शब्द, व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यञ्जना व्यापार तथा व्यङ्ग्यकाव्यका रूपमा गरेका छन् (वर्मा र अन्य, सन् २०१०, पृ. ३०२)। यी सबैको अर्थ मुख्यतः व्यङ्ग्य नै हो। ध्वनिलाई काव्यको आत्मा मान्दै सर्वप्रथम संस्कृत काव्यशास्त्रमा यसको स्थापना आनन्दवर्द्धनले ध्वन्यालोक नामक ग्रन्थबाट गरेका हुन्। उनले ध्वन्यालोकमा 'यत्रार्थः शब्दो वा तमर्थमुपसर्जनीकृतस्वार्थौ। व्यक्तः काव्य विशेषः स ध्वनिरिति सूरिभिः कथितः' अर्थात् जहाँ शब्दले आफ्नो अर्थको वा अर्थले आफ्नो अर्थलाई छोडेर प्रतीयमान अर्थलाई अभिव्यक्त गर्छ; विद्वान्हरू त्यसलाई ध्वनि भन्छन् भनेका छन् (वर्मा र अन्य, सन् २०१०, पृ. ३०२)। यस कथनको आशयले पनि ध्वनिलाई शब्द र अर्थभन्दा भिन्न व्यङ्ग्यार्थलाई नै सङ्केत गरेको छ। काव्यशास्त्रीय सन्दर्भमा पनि ध्वनिको प्रयोग व्यङ्ग्यार्थका लागि गरिन्छ। व्यङ्ग्यार्थलाई प्रतीयमान अर्थ, अभिव्यङ्ग्य अर्थ, अनुभूयमान अर्थ, भासमान अर्थ, प्रकाशमान अर्थ पनि भनिएको पाइन्छ ( ढकाल, २०७०, पृ. १०४)। जहाँ शब्द या अर्थ स्वयं साधन भएर साध्यविशेष कुनै चमत्कारिक अर्थलाई अभिव्यक्त गर्छ त्यो ध्वनि हो। वाच्यार्थभन्दा धेरै रमणीय या चमत्कारक व्यङ्ग्यार्थलाई ध्वनि भनिन्छ। वास्तवमा साहित्यमा जब व्यङ्ग्यार्थ वाच्यार्थभन्दा अधिक उत्कर्ष हुन्छ त्यही ध्वनि हुन्छ। कहिलेकाहिँ काव्यकृतिमा अभिधा र लक्षणाले अर्थबोधन गर्न सक्दैनन् त्यस्तो परिस्थितिमा तेस्रो शब्दशक्ति व्यञ्जनाद्वारा व्यङ्ग्यार्थको बोध हुन्छ।

वास्तवमा यही व्यङ्ग्यार्थ नै ध्वनिको प्राण हो ( हीरा, सन् २००३, पृ. ३२४)। काव्यमा चमत्कारको न्यूनाधिकताको आधारमा नै वाच्यार्थ एवम् व्यङ्ग्यार्थ छुट्टिन्छ।

आचार्यहरूले व्यङ्ग्यार्थको प्रधानता, गौणता एवम् शून्यताका आधारमा काव्यलाई उत्तम, मध्यम एवम् अधम गरी तीन भागमा वर्गीकरण गरेका छन्। यनलाई क्रमशः ध्वनिकाव्य, गुणीभूत काव्य र चित्र काव्य पनि भनिन्छ। ध्वनिकाव्यमा व्यङ्ग्यार्थ वाच्यार्थभन्दा उत्कृष्ट हुन्छ। त्यसैगरी कतिपय काव्यमा वाच्यार्थ एवम् व्यङ्ग्यार्थ समानरूपमा चमत्कारक हुन्छन् त्यसलाई मध्यम काव्य र शब्द एवम् अर्थको चमत्कार देखिने तर व्यङ्ग्यार्थको अभाव भएमा अधम काव्य मानिन्छ। आनन्दवद्र्धनले काव्यको यस विशिष्ट प्रकार ध्वनिलाई अत्याधिक महत्व दिएर के भनेका छन् भने सुन्दर नारीका प्रत्येक सुन्दर अङ्गहरूको संयोजनबाट त्योभन्दा भिन्नै किसिमको सौन्दर्य वा लावण्य प्रकट भएजस्तै महाकविहरूको रचनामा शब्द र अर्थको विशिष्ट संश्लेषणबाट भिन्न तर विशिष्ट किसिमको जुन सौन्दर्य उत्पन्न हुन्छ त्यही प्रतीयमान अर्थलाई ध्वनि भनिन्छ। यही नै काव्यको आत्मा पनि हो भन्ने धारणा उनको रहेको छ। ध्वनिका अनेक भेद-उपभेद छन्। ध्वनिवादीहरूले ध्वनिकाव्यलाई मूलरूपमा अविवक्षित वाच्यध्वनि र विवक्षितान्यपरवाच्यध्वनि गरी दुई भेद मानेका छन्। यहाँ यिनको सङ्क्षिप्त चर्चा गरिन्छ :

### अविवक्षित वाच्यध्वनि/लक्षणामूला

यो ध्वनि लक्षणामा आधारित छ। वाच्य अर्थ विवक्षित वा अभिप्रेरित नभई लक्ष्य अर्थपछि आउने व्यङ्ग्य अर्थ नै अविवक्षित वाच्यध्वनि हो ( उपाध्याय, २०४५, पृ. २००)। यसमा वाच्यार्थ या त अर्को अर्थमा सङ्क्रमण हुन्छ या त पूर्णतया तिरस्कृत हुन्छ। दुबै स्थितिमा मुख्यार्थ बाधित हुन्छ या अर्को अर्थ दिन्छ। यसमा वाच्यार्थ बाधित भएर लक्ष्यार्थ प्रतीति गराएर व्यङ्ग्यार्थको बोध हुन्छ। वाच्यार्थको पूर्ण तिरस्कार एवम् लक्षणामा आधारित हुने भएकाले यसलाई लक्षणामूला पनि भनिन्छ। लक्षणामूला ध्वनि पनि अर्थान्तरसंक्रमित–वाच्य ध्वनि र अत्यन्ततिरस्कृत–वाच्य ध्वनि गरी दुई प्रकारका हुन्छन्। अर्थान्तरसंक्रमित–वाच्य ध्वनिमा वाच्यार्थमा बाधित या व्यवधान उत्पन्न भई त्यो अन्य अर्थमा परिवर्तन हुन्छ भने अत्यन्ततिरस्कृत–वाच्य ध्वनिमा वाच्यार्थको तिरस्कार वा त्याग हुन्छ।

### विवक्षितान्यपरवाच्यध्वनि/अभिधामूला

यो ध्वनि अभिधामा आधारित छ। यसमा वाच्य अर्थ विवक्षित भएर बुझिएपछि अर्को अर्थ वा व्यङ्ग्यार्थको प्रतीति हुन्छ ( उपाध्याय, २०४५, पृ. २०१)। यसमा मूलतः दुईवटा कुरा छन्। १. यसमा वाच्यार्थले अन्य अर्थलाई द्योतन गरेपनि आफ्नो अर्थ छोड्दैन। २. व्यङ्ग्यार्थको बोध नभइकन वाच्यार्थको बोध हुँदैन। निष्कर्षमा के भन्न सकिन्छ भने यसमा वाच्यार्थको बोध भइसकेपछि मात्र व्यङ्ग्यार्थको बोध हुन्छ। अभिधामूला ध्वनि पनि असंलक्ष्यक्रमव्यङ्ग्य ध्वनि र संलक्ष्यक्रमव्यङ्ग्य ध्वनि गरी दुई प्रकारका हुन्छन्। असंलक्ष्यक्रमव्यङ्ग्य ध्वनिमा वाच्यार्थ एवम् व्यङ्ग्यार्थको पूर्वापर क्रम संलक्षित हुँदैन वा देखिँदैन। त्यसै गरी संलक्ष्यक्रमव्यङ्ग्य ध्वनिमा वाच्यार्थ एवम् व्यङ्ग्यार्थको पूर्वापर क्रम राम्रोसँग देखिन्छ। यसरी ध्वनिले व्यङ्ग्यार्थमा आधारित साहित्य सिद्धान्तलाई बुझाउँछ। ध्वनिवादीहरूले ध्वनिमा नै रस, गुण, रीति, अलङ्कार अन्तर्भूत हुने कुरा बताउँछन्। ध्वनिको आत्मा मूलतः व्यङ्ग्य नै हो। वस्तुतः यो काव्यमा व्यङ्ग्यका रूपमा रहेको हुन्छ। साहित्यमा प्रतीयमान अर्थ तथा व्यङ्ग्यार्थले पनि मूलतः ध्वनिलाई नै सङ्केत गर्छ। यहाँ शून्यमा शून्य सरी कवितामा अभिव्यक्त ध्वनिको विश्लेषण गरिएको छ।

## नतिजा र विमर्श

प्रस्तुत 'म शून्यमा शून्य सरी' कविता देवकोटाले मृत्युसैष्यामा रचना गरेको बहुचर्चित कविता हो। जम्माजम्मी चार श्लोकमा आबद्ध यस कवितामा देवकोटाले जीवनको अन्तिम क्षणमा परमेश्वरलाई सम्झन नपाएकोमा

पीडा बोध गर्दै आफ्नो स्वच्छन्दतावादी आस्तिक–आध्यात्मिक चेत प्रकट गरेका छन् । यसमा तल प्रस्तुत गरिएका कविताहरूको ध्वनिपरक विश्लेषण गरिएको छ ।

संसार रूपी सुख स्वर्गभित्र,
रमें रमाएँ लिइ भित्र चित्र ।
सारा भयो त्यो मरुभूमि तुल्य,
रातै परेझैं अब बुझ्छु बल्ल ।

प्रस्तुत श्लोक कवि प्रौढोक्तिमा आधारित छ । यहाँ कविले आफ्नो जीवन भोगाइलाई अभिव्यक्त गरेका छन् । संसारलाई नै स्वर्ग मानेर खुब रमाएका कविले जीवनको अन्तिम अवस्थामा यो सबै मरुभूमि तुल्य बुझेको सन्दर्भ नै कविताको वाच्यार्थ हो । उक्त श्लोकमा आएका पद, पदावली तथा वाक्यांशबाट व्यङ्ग्यार्थ बोध हुन्छ । सारा भयो त्यो मरुभूमि तुल्य पङ्क्तिगुच्छको प्रतीयमान अर्थ यो संसार झुठो हो भन्ने हुन्छ । हामीले बाचुञ्जेल संसार सबै थोक हो भन्छौँ, पैसा, मान, प्रतिष्ठा र पदका लागि अरूसँग झैंझगडा गर्छौं तर जब हाम्रो अन्तिम अवस्था आउँछ अनि बल्ल संसारको क्षणिकता बुझ्छौँ भन्दै कविले जीवनको प्रारम्भिक तथा युवा अवस्थामा सबै थोक संसार हो भनेर संसारमा खुब रमाएको र पछि संसारको नश्वरता बुझेर पछुताएको सन्दर्भ छ । त्यसै गरी अर्को पङ्क्तिमा रातै परेझैं अब बुझ्छु बल्ल मा रात शब्दले संसारको दुःखमयता, अज्ञानता तथा अन्धकारजस्ता विशिष्ट अर्थलाई सङ्केत गरेको छ । समग्रमा कविले प्रस्तुत श्लोकमार्फत् हामीले यो संसारलाई सत्य, सुखमय र अविनाशी सम्झेका छौँ । वास्तवमा त्यसो रहेनछ । संसार त दुःखमय मरुभूमि तुल्य छ दुःखद् र नश्वर छ भन्ने अर्थ व्यक्त गर्नु नै यसको प्रतीयमान अर्थ हो ।

रहेछ संसार निशा समान,
आएन ज्यूँदै रहँदा नि ज्ञान ।
आखीर श्री कृष्ण रहेछ एक,
न भक्ति भो, ज्ञान, नभो विवेक ।

प्रस्तुत श्लोकमा संसार निशा समान रहेको र भगवान् श्रीकृष्णमा आफ्नो भक्ति, ज्ञान र विवेक नभएको कुरा वाच्यार्थका रूपमा आएको छ । माथिको श्लोकमा आएका पद, पदावली तथा वाक्यांशले व्यङ्ग्यार्थ प्रस्तुत गरेका छन् । प्रस्तुत श्लोकमा ब्रह्म सत्य जगत् मिथ्या जीवो ब्रह्मैव नापरः भन्ने उपनिषद्को विचारलाई मूलभूत रूपमा चरितार्थ गरिएको छ । उपनिषद्मा बह्मलाई सर्वशक्तिमान्, सर्वव्यापी तथा सबै प्राणीहरूको अन्तर्मनमा बस्ने परमात्मा मानिन्छ (शर्मा, २०६९, पृ. २८) । वेदान्त दर्शन अनुसार यसमा निष्ठा नराख्नु नै अज्ञान हो । जीव ब्रह्मभन्दा अभिन्न भएर पनि अविद्याका कारण आफ्नो वास्तविक, अजन्मा, अविनाशी, शुद्ध, बुद्ध, मुक्त सच्चिदानन्दमय आत्मालाई बिर्सिएर आफूलाई जन्ममरणधर्मा कर्ता, भोक्ता, सुखदुःखवान् मानेर बसेको छ । जगत्लाई सत्य सम्झिएर आफूले निर्णय गरेको कर्मपाशमा स्वयं बाँधिएर जन्ममृत्युको संस्कृतिमा फसेर अनन्त दुःख भोगिरहेको छ । शास्त्रमा आध्यात्मिक, आधिदैविक र आधिभौतिक गरी तीन प्रकारका दुःखको वर्णन गरिएको छ । शरीरमा हुने ज्वर आदि तथा आफ्ना स्वजनसँग बिछोड हुँदा हुने दुःख आध्यात्मिक दुःख हो भने भूकम्प, अतिवृष्टि, अनावृष्टि, वज्रपात आदिद्वारा हुने दुःख आधिदैविक हो । त्यसैगरी चोर, डाका तथा बाघ, गैडाजस्ता पशुहरूबाट हुने दुःख आधिभौतिक हो । आफ्ना शरणमा आउने भक्तहरूलाई श्रीकृष्णले यी दुःखबाट पार लगाउँछन् तर मैले त्यो कुरा नबुझी वास्तविक बाटो पहिल्याउन नसकेको प्रतीयमान अर्थ पनि प्रस्तुत पङ्क्तिगुच्छमा व्यक्त भएको छ । जीवको सम्पूर्ण दुःखको कारण यो अविद्याको निवृत्तिका लागि जीव ब्रह्मको एकताको प्रतिपादन गर्दै जगत्को मिथ्यात्वको प्रतिपादन गरिएको छ । त्यसै गरी जगत् पनि परमात्माकै सङ्कल्पले सृष्टि हुने, पालन हुने र संहार हुने ठानिन्छ । प्रस्तुत श्लोकमा आएको पहिलो र दोस्रो पङ्क्तिमा संसार दुखरूपी सागर भएको र यो कुरा कविलाई आफ्नो यौवनकालमा थाहा नभएको सन्दर्भ छ । संसारमा दुःखको अनुभव सबै जीवहरूमा भइरहन्छ । पञ्चतत्वले बनेको शरीर राम्रो वस्तु होइन । पिताले खाएको अन्नद्वारा वीर्य र माताले खाएको अन्नद्वारा रज बन्दछ । यसरी वीर्य र रजबाट बनेको यो शरीरमा रगत, मांश, बोसो, हाड, छाला र रौबाहेक अरू केही छैन । तैपनि वास्तविकता बुझ्न नसकेर अविवेकीहरू शरीरलाई राम्रो ठानी यसैमा आशक्त हुन्छन्

। खासमा संसार जस्तो देखिन्छ त्यस्तो छैन, जस्तो छ त्यस्तो देखिन्न । संसारलाई मायाको आवरणले घेरेको छ भन्ने प्रतीयमान अर्थ पनि यसमा व्यक्त गरिएको छ । मायाले असत्यलाई सत्य र सत्यलाई असत्यजस्तो बनाइदिन्छ । त्यसै गरी प्रस्तुत श्लोकको तेस्रो पङ्क्तिमा आएको आखीर श्री कृष्ण रहेछ एक भन्ने वाक्यांशमा संसारको एकमात्र शाश्वत वस्तु भगवान् श्रीकृष्ण हो, अरू सारा नाशवान् छन् । हामी मनुष्य त्यही नाशवान् वस्तुको पछि लागेर वा त्यसको सञ्चय गर्ने अभिलासाले दौडिरहेका छौँ । वास्तवमा हाम्रो दुःखको कारण पनि त्यहीं हो । मैले मृत्युशैष्याको यस बेलामात्र वास्तविक कुरा बुझेको भन्दै परमसत्य स्वरूपमा रहेको श्रीकृष्णको भक्ति गर्नुपर्ने र त्यसले मात्र जीवन सार्थक हुने तथा यो दुःखमय संसारमा पुनः जन्मलिन नपर्ने सन्देश दिनु नै यस पङ्क्तिको ध्वन्यार्थ हो ।

महामरुमा कणझैं म तातो,  
जलेर मर्दो बिनु आश लाटो ।  
सुकी रहेको तरुझैं छु खाली,  
चिताग्नी तापी जल डाल्न फाली ।

माथिको श्लोकमा वाच्यार्थका रूपमा महामरुको कणझैं आफू तातो रहेको तथा जलेर मर्न आटेको भन्दै कविले आफ्नो अवस्था सुकेको रुखजस्तो भएको कुरा प्रकट गरेका छन् । यस कवितामा आएका पद, पदावली तथा वाक्यांशबाट ध्वन्यार्थ प्रकट भएको छ । यहाँ आएको महामरु शब्दले विशेष अर्थ अर्थात् ध्वन्यात्मक अर्थ पनि प्रकट गरेको छ । यहाँ महामरु शब्दको अर्थ निरस तथा दुःखका रूपमा गरिएको छ । हामीले संसारलाई महत्व दिई राखेका छौँ, मानसम्मान, धनसम्पत्तिलाई महत्व दिएर त्यसका पछि दौडिराखेका छौँ, आफूलाई बुझेका छैनौँ, परमसत्य श्रीकृष्णलाई बुझ्ने प्रयत्न गरेका छैनौँ । यो हाम्रो अज्ञान हो । जसरी मन्द अन्धकारका कारण वास्तविक रसी देखिँदैन, बरु अवास्तविक सत्ताहीन सर्प नै प्रतिभाषित हुन्छ, त्यसैगरी अविद्याका कारण वास्तविक (पारमार्थिक) सत्तामय ब्रह्म (श्रीकृष्ण) देखिँदैन र अवास्तविक जगत् नै प्रत्यक्ष होजस्तो लाग्छ । वस्तु एक नै छ, जो रसी हो त्यही (भ्रमावस्थामा तथा अज्ञानावस्थामा) जगद्रुप हो । जगत्‌को सत्यप्रतीति र ब्रह्मको अप्रतीति यतिबेलासम्म हुन्छ जबसम्म अविद्याअन्धकारको निवृत्ति हुँदैन । पराविद्याबाट मात्र निश्चय हुन्छ - ब्रह्म सत्ता नै सत्य हो र जगत् रसीमा अध्यस्त सर्पसमान मिथ्या हो । त्यसैले देवकोटाको प्रस्तुत पङ्क्तिगुच्छमा हाम्रो जीवन महामरुजस्तो निरस भएको छ भन्ने पङ्क्तिगुच्छको ध्वन्यात्मक अर्थ यसबाट प्रकट भएको छ । त्यसै गरी सुकी रहेको तरुझैं छु खाली वाक्यांशले आफूले जीवनमा परमसत्यलाई बुझ्ने प्रयत्न नगरेको, श्रीकृष्णको भक्ति नगरेको तथा विवेकपूर्वक न्यायअन्याय छुट्ट्याउन नसकेको र यसले गर्दा मरिसकेपछि अर्को जुनीमा खाली हात जानुपरेको कविको पश्चातापजन्य विचार नै प्रस्तुत पङ्क्तिमा ध्वनि भएर आएको छ ।

संस्कार आफ्नो सब नै गुमाएँ,  
म शून्यमा शून्य सरी बिलाएँ ।  
जन्मे म यो स्वर्गविषे पलाएँ,  
आखीर भै खाक त्यसै बिलाएँ ।

प्रस्तुत कवितामा वाच्यार्थका रूपमा कविले यो संसारमा जन्मिने अवसर पाए पनि आफूले आफ्नो संस्कार गुमाएको र मनुष्य चोला सार्थक बनाउन नसकेको तथा अन्त्यमा खरानी भई त्यसै विलाउन लागेको सन्दर्भ व्यक्त गरेका छन् । यस पङ्क्तिगुच्छमा प्रस्तुत भएका पद, पदावली तथा वाक्यांशका माध्यमबाट प्रतीयमान अर्थ पनि व्यक्त भएको छ । यहाँ संस्कार आफ्नो सब नै गुमाएँ भन्ने वाक्यांशमा आएको संस्कार शब्दले विशेष अर्थ दिएको छ । हिन्दू भएर आफ्नो आराध्य देवता श्रीकृष्णको भक्ति गर्नु हाम्रो संस्कार हो । श्रीकृष्णको भक्ति गरियो भने परलोकको पनि सुधार हुन्छ र पुनः यस दुःखमय संसारमा जन्मलिनु पर्दैन भन्ने हाम्रो वेदोक्त मान्यता छ । यस कुरालाई श्रीकृष्णले श्रीमद्भगवद्गीताको पन्ध्र अध्ययायमा भन्नु भएको छ- यद्गत्वा ननिवर्ततन्ते तद्धाम परमं मम अर्थात् मेरो धाम पुगिसकेपछि फेरि दुःखमय संसारमा जन्मलिनु पर्देन (१५/५) । त्यस्तै श्रीमद्भगवद्गीताको अठारौँ अध्यायमा मामेकं शरणं व्रज भनेर ईश्वरको शरणगति वा आश्रयमा नै जीवको कल्याण हुने कुरा भनिएको छ । त्यसै गरी यस श्लोकमा नै

कविले पूर्वीय आध्यात्मिक संस्कारको समुचित संरक्षण–संबद्र्धन गर्न नसकेकोमा पीडाबोध व्यक्त गरिरहेका छन् (जोशी, २०४८, पृ. ३७७) । यहाँ आफूले श्रीकृष्णको भक्ति गर्न नसकेको र आफ्नो परलोक बिग्रन सक्ने सन्दर्भलाई सङ्केत गर्नु यसको ध्वन्यात्मक अर्थ हो । त्यसै गरी 'म शून्यमा शून्य सरी' बिलाएँ वाक्यांशमा आएको शून्यले विशेष अर्थ व्यक्त गरेको छ । आध्यात्मिक दृष्टिले भन्ने हो भने शून्यले निराकार सत् स्वरूप, चित् स्वरूप र आनन्दस्वरूप परमेश्वरलाई पनि बुझाउँछ । यसलाई वेदमा खंब्रह्म भनिएको छ । त्यो परमेश्वर बह्म भनेको पनि श्रीकृष्ण नै हो । ब्रह्मले सृष्टि गर्छ । अहिलेको जन्ममा कुनै पुण्य कर्म गरियो भने त्यो लिएर जान पाइन्छ भन्ने हाम्रो हिन्दू धर्मको मान्यता रहेको छ । यस जन्ममा आफूले कुनै पुण्य कर्म गर्न नसकेको, खाली अन्य नाशवान् वस्तुका पछाडि कुदेको र अर्को जन्मका लागि कुनै पनि पुण्य कर्म सञ्चित गर्न नसकेको विचार प्रकट गर्नु यस कविताको ध्वन्यार्थ हो ।

## निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाद्वारा रचना गरिएको 'म शून्यमा शून्य सरी' कविता उनको नेपाली भाषामा लेखिएको अन्तिम कविता हो । वर्णनात्मक शैली तथा अन्त्यानुप्रास युक्त उपजाति छन्दलाई अँगालेर रचना गरिएको प्रस्तुत कवितामा कविले कविनिबद्ध शैलीमा ब्रह्म सत्य जगत्मिथ्या भन्ने उपनिषदीय विचारलाई चरितार्थ गरेका छन् । उपनिषद्मा बह्मलाई सर्वशक्तिमान्, सर्वव्यापी तथा सबै प्राणीहरूको अन्तर्मनमा बस्ने परमात्मा मानिन्छ । त्यसै गरी जगत् पनि परमात्माकै सङ्कल्पले सृष्टि हुने, पालन हुने र संहार हुने ठानिन्छ । यही परमात्माको सङ्कल्पबाट सृष्टि भएको संसार निशासमान, अन्धकारमय छ, मरुभूमिमय छ भन्ने कुरा मृत्युशैष्यामा पुग्दा मात्र आफूलाई ज्ञान भएको चर्चा गर्दै जीवनकालमा आफूले आफ्नो संस्कार तथा संस्कृतिलाई बचाउने गरी कुनै पनि काम गर्न नसकेकोमा कविले पश्चाताप गरेका छन् । संसार बाहिरबाट हेर्दा जतिसुकै सुखमय तथा आनन्दमय भएपनि भित्रीरूपमा यो मरुभूमितुल्य छ भन्दै श्रीकृष्ण नै परमसत्य भएको र यसको भक्ति र ज्ञानबाट नै सच्चा आनन्द मिल्ने आध्यात्मिक चिन्तन नै यसमा ध्वन्यात्मक रूपमा प्रकट भएको छ । यसरी प्रस्तुत कविताले अध्यात्मलाई आधार बनाएर हिन्दू धर्म तथा संस्कृतिलाई बिर्सदै गएको मान्छेलाई पनि सजक बनाउने काम गरेको छ । जम्माजम्मी चारओटा श्लोक (एक श्लोकमा चार पङ्क्ति) मा रहेको प्रस्तुत कवितामा अर्थसौन्दर्य सिर्जना गर्न उपमा अलङ्कारले विशेष भूमिका खेलेको छ । समग्रमा संसार मरुभूमितुल्य र निशासमान पो रहेछ भन्दै एकमात्र सत्य त श्रीकृष्ण(परब्रह्म) परमात्मा रहेछन् भन्ने प्रतीयमान अर्थ वा ध्वनि व्यक्त गर्नु नै प्रस्तुत कविताको उद्देश्य हो ।

## सन्दर्भसामग्री


अवस्थी, महादेव (२०५८), लक्ष्मीप्रसाद देवकोटाका जीवनी र कृतित्वको अन्तः सम्बन्धको विवेचना, एकता प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४५), पूर्वीय साहित्य–सिद्धान्त, (दोस्रो संस्क.), साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५७), देवकोटाका कविता यात्राको विश्लेषण र मूल्याङ्कन, (दोस्रो संस्क.), साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०४८), देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना, सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद ।

ढकाल, रजनी (२०७०), प्रायोगिक समालोचना : अनेक रूप, साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०६२), लक्ष्मी कवितासङ्ग्रह, (पाँचौं संस्क.), साझा प्रकाशन ।

वर्मा, धीरेन्द्र र अन्य (सन् १९८५), हिन्दी साहित्य कोश, (तृतीय संस्क.), ज्ञानमण्डल लिमिटेड ।

शर्मा, नारायण (२०६९), अनु. ब्रह्मसूत्र, रत्न पुस्तक भण्डार ।

श्रीमद्भगवद्गीता (२०७५), (सैतीसौं संस्क. ), गीताप्रेस ।

सहाय, राजवंश (सन् २००३), भारतीय आलोचना शास्त्र, (नवौ संस्क. ), बिहार हिन्दी ग्रंथ अकादमी ।